# छथर गाउँपालिका

कोशी प्रदेश, तेह्रथुम

## छथर गाउँपालिकाको राजपत्र

**छथर गाउँपालिकाबाट प्रकाशित**

**खण्डः १ संख्याः १ मितिः २०८१/१२/०९**

**भाग-२**

संविधानको धारा २२६ बमोजिम तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँसभा/कार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८१।१२।०५**

# छथर गाउँपालिका संस्था दर्ता कार्यविधी , २०८१

**प्रस्तावना:**

छथर गाउँपालिका क्षेत्रभित्र सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, शैक्षिक, बौद्धिक, शारीरिक, वैज्ञानिक पर्यावरणिय, खेलकुद क्लवहरु, परोपकारी तथा यस्तै प्रकृतिका अन्य संस्थाहरुको दर्ता, नवीकरण, सञ्चालन तथा व्यवस्थापन गर्न र कानुन बमोजिम दर्ता भएका संघ संस्थाहरुको नियमन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (ठ) बमोजिमको कानुनी व्यवस्था गर्न बाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ समेतले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो कार्यविधी बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधी को नाम ‘‘छथर गाउँपालिका संस्था दर्ता कार्यविधी, २०८१" रहेको छ।

(२) यो कार्यविधी छथर गाउँपालिकाक्षेत्र भित्र लागु हुनेछ।

(३) यो कार्यविधी गाउँकार्यपालिकावाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधी मा,

क "कार्यालय" भन्नाले छथर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

ख. "तोकिएको' वा 'तोकिएबमोजिम भन्नाले यस कार्यविधी अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

ग. "गाउँपालिका" भन्नाले छथर गाउँपालिकालाई सम्झनु पर्छ।

घ. "समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको संस्था सञ्चालक समिति सम्झनु पर्छ।

ङ. "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, शैक्षिक, बौद्धिक, शारीरिक, वैज्ञानिक, पर्यावरणिय, खेलकुद, क्लवहरु तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्रीसंघ समेतलाई जनाउँछ।

च. "स्थानीय अधिकारी" भन्नाले छथर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

छ "दातृ निकाय" भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानुन बमोजिम सहयोग गर्ने द्विपक्षिय तथा बहुपक्षिय विकास साझेदारहरुलाई सम्झनुपर्छ।

ज. "अन्तराष्ट्रिय गैर सरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानुन बमोजिम अनुमती लिई काम गर्ने संस्थालाई सम्झनुपर्छ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने:** यस कार्यविधी बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न वा कुनै कार्यक्रम सञ्चालन गर्न हुँदैन।

**४. संस्थाको दर्ता तथा संचालन सम्बन्धी:** (१) संस्था स्थापना गर्न चाहनेले कम्तिमा सात जना सदस्य पदाधिकारी रहनेगरी समिति गठन गरी देहायको विवरण खुलाई उपदफा २ बमोजिमका विषय खुलेको संस्थाको विधान र तोकिएको दस्तुर सहित गाउँपालिका समक्ष अनसुची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ -

क. संस्थाको नाम,

ख. उद्देश्य, कार्यक्षेत्र र विषय खुल्ने कागजातहरु

ग. संस्था दर्ता गर्ने निर्णयको प्रतिलिपी

घ. कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ङ. सस्थाको विधान २ प्रति

च. सम्वन्धित वडा कार्यालयको सिफारिस।

(२) विधानमा खुलाउनु पर्ने विषयहरुः

क. संस्थाको नाम,

ख. उद्देश्य, कार्यक्षेत्र र विषय

ग. समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र पदाधिकारीको तीन पुस्ते विवरण

घ. समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

ङ. आर्थिक श्रोत तथा स्रोत साधन सम्बन्धी विवरण

च. मुख्य कार्यालय रहने ठेगाना,

छ. संस्थाको छाप

ज. सभा र सदस्यता सम्बन्धी व्यवस्था

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी रीतपुर्वक देखिएमा संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ताको प्रमाण-पत्र दिनेछ।

(४) संस्था दर्ता तथा नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ।

**५. संगठित संस्था मानिने :** (१) यस कार्यविधी अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ। तर सम्पत्तिको वेचबिखन गर्नु परेमा साधारण सभाको निर्णयको आधारमा गाउँपालिकाको स्वीकृतीमा मात्र वेचविखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ।

**६. संस्थाको सम्पत्ति :** (१) संस्थाको सदस्य वा कर्मचारी तगायतका व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्ने व्यक्तिबाट फिर्ता गराई दिन सक्नेछ।

(२) संस्थाको सदस्य वा कर्मचारीले संस्थाको सम्पत्ति, कागजात, प्रतिष्ठा विरुद्ध अपराध वा विगार गरेमा संस्थाले प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ।

**७. यो कार्यविधी स्वीकृत हुनु अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने:** (१) यो कार्यविधी, प्रारम्भ हुनु भन्दा अघि प्रचतित कानुन बमोजिम दर्ता नभई संचालनमा रहेका संस्थाले यो कार्यविधी प्रारम्भ भएको मितिले छ महिनाभित्र गाउँकार्यपालिकाको कार्यालयमा अनिवार्य दर्ता हुनु पर्नेछ। आर्थिक वर्ष समाप्तिको तीन महिना भित्र नियमित रुपमा नवीकरण गर्नु पर्नेछ। म्याद भित्र नविकरण नगरेमा तोकिए बमोजिमको विलम्व शुल्क तिरी नविकरण गर्न सकिनेछ।

क) यो कार्यविधी लागु हुन भन्दा अघि दर्ता भै सञ्चालन भएका संघ सस्थाहरुले यो कार्यविधी प्रारम्भ भएको मितिले ६ महिना भित्र आवश्यक कागजात सहित सुचिकृत हुनु पर्नेछ।

ख) सुचिकृतको ढाँचा तोकिए बमोजिम हुनेछ।

**८. संस्था गाभिने वा उद्देश्य हेरफेर गर्ने सम्वन्धी व्यवस्था** (१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अर्को संस्थामा गाभ्न उचित ठानेमा सञ्चालन समितिले संस्थाको विधान बमोजिम सभावाट निर्णय गराउनु पर्नेछ।

(२) संस्थाका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा पारित भएको मानिनेछ। तर, प्रस्ताव कार्यान्वयन गर्न गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

**९. प्रगति विवरण पेस गर्नु पर्ने**: समितिले आफ्नो संस्थाको आयव्यय, लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय सहित वार्षिक प्रगति प्रतिवेदन प्रत्येक वर्ष गाउँपालिकामा पेस गर्नुपर्नेछ।

**१०. हिसाब जाँच गर्ने :** (१) गाउँपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ।

(२) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(३) हिसाब जाँचगर्ने अधिकृतले गाउँपालिकाते तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन पेश गर्नुपर्नेछ। प्रतिवेदनको आधारमा संस्थाको सम्पत्ति, पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको पाईएमा नगरपालिकाले सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीबाट हानी नोक्सानी अशुल

गर्न प्रचलित कानुन बमोजिम कारवाई चलाउन सक्नेछ। तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन वाधा पर्नेछैन।

**११. निर्देशन दिने:** गाउँपालिकाले संस्थालाई विधान अनुसार कार्य नगरेको अवस्थामा आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

**१२. दण्ड सजाय :** (१) दफा (३) र (७) नं. बमोजिम दर्ता नगराई संस्था स्थापना वा संचालन गरेको पाइएमा उक्त समितिका सदस्यहरुताई गाउँपालिकाले जनही ५००/- रुपैयाँ जरीवाना गरी संस्था दर्ता गर्न लगाउने वा वन्द गर्न आदेश दिन सक्नेछ।

(२) दफा ९. बमोजिम हिसाबको विवरण नपठाएमा संस्थालाई गाउँपालिकाले १०००/- रुपैयाँ जरीवाना गर्न सक्नेछ।

(३) दफा १०. को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगरपालिकाले ५००/- रुपैयाँ जरीवाना गर्न सक्नेछ।

(४) दफा (८) बमोजिम गाउँपालिकाका स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा गाउँपालिकाले त्यस्तो संस्थाको दर्ता निलम्वन गरी कानुन बमोजिम गर्न लगाउनु पर्नेछ। सो नगरेमा खारेज गर्न सक्नेछ।

**१३. पुनरावेदन:** दफा (१२) बमोजिम गाउँपालिकाले गरेको निर्णय उपर चित्त नबुझे पक्षले पैतीस दिनभित्र गाउँकार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ।

**१४. संस्थाको विघटन :** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा कुनै कारणवश संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा जायजेथाले खामे सम्म मात्र दामासाहिले गाउँपालिकाले कार्यान्वयन गराइ दिन सक्नेछ।

**१५. प्रचलित कानुन बमोजिम हुने :** अन्य कानुन बमोजिम दर्ता वा स्थापना हुने संस्था यस कार्यविधी मा लेखिएको हकमा यसै कार्यविधी बमोजिम र नलेखिएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१६. खारेजी र बचाउ :** (१) यस अघि गाउँपालिका क्षेत्रभित्र संस्था दर्ता कार्यविधी , २०३४ बमोजिम दर्ता भई सञ्चालनमा रहेका स्थानीय संघ सस्थाहरु यसै कार्यविधी बमोजिम दर्ता भएको मानिनेछ।

(२) यो कार्यविधी मा भएको व्यवस्था संघीय कानुन वा प्रदेश कानुनसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

अनुसूची १

दफा ४ को उपदफा १ सँग सम्बन्धित

**निवेदन पत्रको ढाँचा**

श्रीमान् कार्यालय प्रमुख ज्यू

छथर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

शुक्रबारे तेह्रथुम ।

**विषय – सस्था दर्ता गरी पाउँ ।**

प्रस्तुत सम्बन्धमा निम्न बमोजिमको सस्था नियमानुसार गठन गरी तहाँ कार्यालय समक्ष दर्ताका लागि छथर गाउँपालिकाको संस्था दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधी, २०८१ बमोजिम तोकिएका अवस्यक कागजात सहित निवेदन पेश गर्दछौ ।

**विवरण**

१ सस्थाको नाम - ...........................................

२ सस्थाको उदेश्यहरु –

क.

ख.

ग.

घ.

३ सस्थाको कार्यक्षेत्र-

४ सस्थाको कार्यालय रहने स्थान –

५ सस्थाको कार्यसमितीको विवरण –

१ अध्यक्ष-

२ सचिव-

३ कोषाध्यक्ष-

६ सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर-

**निवेदक**

..............................

अनुसूची २

दफा ४ को उपदफा ३ सँग सम्बन्धित

**सस्था दर्ता प्रमाणपत्रको ढाँचा**

**छथर गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**शुक्रबारे तेह्रथुम**

सस्था दर्ता न. .......... मिति ........................

**प्रमाणपत्र**

श्री अध्यक्ष/सचिव

...............................

छथर गाउँपालिका....... तेह्रथुम ।

मिति ............................ को निर्णयानुसार यस कार्यालयमा .................................................... नामको सस्था छथर गाउँपालिकाको संस्था दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधी, २०८१ बमोजिम दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

**प्रमाणपत्र जारी गर्ने अधिकारीको**

दस्तखत .....................

नामथर ......................

पद ...............................

**नवीकरण**

| आ.ब. | दर्ता/नवीकरण मिति देखि | दर्ता/नवीकरण मिति सम्म | अधिकारीको दस्तखत | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले
गुणराज बानियाँ
प्रमुख प्रशासकीय अधिकृत